# प्रदेश सभा

## गण्डकी प्रदेश
## दोस्रो अधिवेशन
## (तेइसौं वैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

**मिति : २०७५।०३।१७ गते दिनको २:०० बजे**

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा दिनको २ बजेर ६ मिनेटमा प्रारम्भ भयो ।

### मा. सभामुख श्री श्रृजना शर्मा

माननीय सदस्यहरु, अजको वैठकको कारवाही प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री विन्दु कुमार थापाले मिति २०७५ साल जेठ २१ गते सभा समक्ष प्रस्तुत गर्नु भएको र मिति २०७५ साल असार १० गते टेवुल गर्नु भएको प्रदेश राजधानी तथा नामाकरण विषयक समितिको प्रतिवेदन माथी प्रदेश राजधानी तोक्ने संवन्धमा छलफल प्रारम्भ हुन्छ । माननिय श्री कृष्ण वहादुर थापालाइ प्रदेश राजधानी तथा नामाकरण विषयक समितिको प्रतिवेबदन मा उल्लेखित प्रदेश राजधानी तोक्ने संवधमा सभामा छलफल गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

### माननीय कृष्ण वहादुर थापा

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल जेठ २१ गते सभा समक्ष प्रस्तुत भै मिति २०७५ साल असार १० गते टेवुल गरिएको प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको प्रतिवेदन माथी प्रदेश राजधानी तोक्ने संवन्धमा छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय सदस्यहरु, अव म प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको प्रतिवेदनमा उल्लेखित प्रदेश राजधानी तोक्ने सम्वन्धमा सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यज्युहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस ।

हलावाट हुन्छ ....

यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस ।

**हुन्न** भन्ने आवाज सुनिएन तसर्थ प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको प्रतिवेदन माथि छलफल गरियोस भन्ने प्रस्ताव सर्व सम्मती स्विकृत भएको घोषणा गर्दछु ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय सदस्यहरु, अव प्रदेश राजधानी तोक्ने सम्वन्धमा प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको प्रतिवेदन माथि छलफल प्रारम्भ हुन्छ । उक्त छलफलमा वोल्न चाहनुहुने माननीय सदस्यहरुले आफ्नो नाम सजिलोको लागी सभामुखको डायससंगै वसेका सहयोगी कर्मचारीहरलाइ उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु । उक्त छलफलमा वोल्न चाहनुहुने माननीय सदस्यहरुको लागी पाच मिनेट समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यले आफ्नो भनाइ राख्न सक्नु पर्नेछ । सर्वप्रथम माननीय श्री मायानाथ अधिकारीलाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मायानाथ अधिकारी

माननीय सभामुख महोदय, यो सम्मानित प्रदेश सभामा प्रस्तावित गरिएको प्रदेशको राजधानी सम्वन्धको छलफल सुरु भएको छ । म छलफलमा सहभागी भएको छु । यो प्रस्ताव चाही एकल प्रस्ताव छ । यो विवादित भएर धेरै प्रस्तावहरु आएका छैनन । एकल प्रस्ताव छ । पोखराकै प्रस्ताव छ । त्यसकारण यस वारेमा धेरै लामो वोल्नु पर्ने त छैन । अ म छलफलमा सहभागी भैरहेको वेला पोखरा हामी सवैको सर्व स्विकार्य नाम वनेको छ ।

आज होइन हिजै देखि हामी लमजुङ्गमा वस्ने, म लमजुङ्गवासि हु लमजुङ्गमा वस्नेहरुको लागी पोखरा हाम्रो पश्चिमाञ्चलको केन्द्र पनि थियो । पहिला विकाश क्षेत्रको हिसावले पश्चिमाञ्चलको केन्द्र पनि थियो । त्यो हिसावले पनि पोखरा हाम्रो सदरमुकाम रहदै आएको थियो । विकाश क्षेत्रको सेन्टरको रुपमा थियो । हामी गण्डकी अञ्चल वासिको हिसावले रहदाखेरी पनि गण्डकी अञ्चलको सदरमुकाम पोखरा रहेको थियो । यो हिसावले पनि पोखरा उपर्युक्त मानिन्छ, हामी मान्छौ । भौतिक पुर्वाधारको हिसावले क्षेत्रिय राजधानी भएको अञ्चलको राजधानी भएको हिसावले पनि भौतिक पुर्वाधार यहाँ प्रयाप्त छ । प्रसासकिय हिवावले सवै यहा अफिसहरु, कार्यालयहरु संचालन भैरहेको र हुन सक्ने प्रयाप्त आधारहरु छन । सुन्दर नगरि छ । हामी सवैले मन पराउने हामीले मात्र होइन, विश्वले नै मन पराउने ठाउ हो यो । यो सुन्दर नगरी हामी सवैको सेन्टर, सवैले मन पराएको भौतिक पूर्वाधारले पनि उपर्युक्त यो भन्दा अर्को हुन सक्दैनथ्यो । हामीले वेसिशहर भनेर पनि वेसिशहर हुन सक्ने अवस्था थिएन । अ कही कसैले अर्को ठाउँ भनेर पनि त्यो पूर्वाधारको हिसावले सहमतिको हिसावले पनि त्यो सहमतिको नाप वन्न गाह्रो थियो । त्यसकारण हामी कसैले पनि प्रदेशको राजधानीमा ११ वटा जिल्लामा छलफल चल्यो । नामाकरण चाही यो यो नाम राख्ने भनेर त्यहाको जनताहरुले पनि त्यहाको नाम दिनुभयो । हामीले सुन्यौं । तर प्रदेशको राजधानीमा यो नाम र हुनुपर्छ भनेर अर्को ठाउ दिएको हामीले सुनेनौं । त्यल्ले गर्दा पनि प्रदेशवासि सवै हामी मात्रै होइन, सांसद मात्र होइन, प्रदेशवासी सवैको सर्व स्विकार्य नाम चाही पोखरा वन्न पुगेको छ । त्यसकारण म मेरो तर्फवाट मेरो दलको तर्फवाट प्रदेशको राजधानी पोखरा हुने कुरा जुन प्रस्ताव छ, त्यो प्रस्तावलाई हार्दिक समर्थन गर्न चाहन्छु । धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री विष्णु प्रसाद लामिछानेलाइ छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री विष्णु प्रसाद लामिछाने

माननीय सभामुख महोदय, हामी आज मुलुक संघियतामा गैसके पछिको एउटा अर्को महत्वपूर्ण विषयमा छलफल गर्दैछौं । मुलुक संघियतामा गैसके पछि यसले यो सातवटा प्रदेश पाएको छ । र सातवटा प्रदेश मध्येको अत्यन्त सुन्दर प्रदेशको रुपमा रहेको यो चार नम्वर प्रदेश जसको आज हामीले न्वारन गर्ने काम तिर लागेका छौं । वास्तवमा प्रदेश

छुट्टीने वेलैमा, प्रदेश वन्ने वेलैमा मलाइ लाग्छ चार नम्वर प्रदेशको राजधानी केन्द्र कहा हुने भन्ने वारेमा त्यतिवेलै अस्थायी रुपमा पोखरा तोकिए पछि नै सम्भवत यसको स्थायी राजधानी स्थायी केन्द्र पनि पोखरै हुन्छ भन्ने हामी सवैले महसुस गरेको हो । यसको भौगोलिक अवस्था, यहाको सुन्दर पक्ष र भौतिक पूर्वाधारको आधारमा पनि यो पोखरा आफैमा ठिक ठाउमा छ भन्ने हामीलाइ लाग्दछ । त्यस वाहेक पनि व्यापारिक हिसवले पनि यस प्रदेश भित्र भएका सवै जिल्लाको व्यापारिक केन्द्र पनि यो । सवै तिरवाट सर्व स्विकार्य भएको अवस्था हो र साथी हो यो माननीय सदस्य विन्दु कुमार थापाज्युको संयोजकत्वमा यो प्रदेश राजधानी तथा नामाङ्कन समितिको जुन प्रतिवेदन आको छ, अत्यन्त मेहनतका साथ उहाहरुले यो प्रतिवेदन तयार गर्नुभाको छ । सवै जिल्लको राय लिने काम भाको छ । सवैतिरवाट यसलाइ सर्व स्विकार्य हुने वातावरण वनेको छ त्यसैले पनि यसको नामाङ्कनको वारेमा खासै विवाद रहेको हामीले पाएका छैनौं । जतातततैवाट सर्वसम्मत रुपमै पोखरा नै हुनुपर्छ भनेर आको छ । यो प्रदेशको केन्द्रविन्दु पनि हामी मुस्ताङ्गदेखि नवलपुर त्रिवेणीसम्मको अवस्थालाइ हेर्दा पनि दुरीलाइ हेर्दा पनि यो विच भागमा पर्ने भाको हुदा पनि यो आफैमा ठिक ठाउमा छ भन्ने मलाइ लाग्छ । त्यसैले मेरो व्यक्तिगत तर्फवाट र हाम्रो दलको तर्फवाट पनि जुन नामाङ्कन भाको छ, जुन पोखरा केन्द्र पोखरा नै भनिएको छ यसमा हाम्रो पूर्ण समर्थन रहेको व्यहोरा अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद, जय नेपाल ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री रामजी वराल जिवनलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय रामजी प्रसाद वराल जिवन

माननीय सभामुख महोदय, यो सम्मानित सदनमा विलम्व नगरिकन हामीले हाम्रा कार्यहरु अगाडी वढाउदै आएका छौं । आज यो प्रदेशको राजधानीको छलफलको प्रकृयामा प्रवेश गरेकाछौं । अस्वभाविक रुपमा यो प्रदेशको राजधानी पोखरा रहने कुरा सवै जनता र सवै जनताका प्रतिनिधिहरुलाइ हिजो देखि नै लागीरहेको कुरा थियो । र हामी निर्णयार्थ त्यो दिशा तिर अगाडी वढ्दै छौं । स्वभाविक हिसावले पोखराको चर्चा पोखराको गरिमा हामी धेरैले व्याख्या गरिराख्न पर्दैन । चार नम्वर प्रदेशको केन्द्र पनि रहेको छ । सवैको प्यारो नाम वनेको छ पोखरा । चार नम्वर प्रदेशका जनताको मात्रै नभैकन देश भित्र देश वाहिरका समेत मान्छेहरुको यो असाध्यै प्यारो नाम हुनु एकातिर अर्कोतिर भौतिक पूर्वाधारका हिसावले पनि व्यवस्थित हुनु । त्यसका अतिरिक्त अन्य सवै हिसावले पनि यो धेरै महत्वपूर्ण

रहेको छ । हामी सवैलाइ त्यो अनुभुति हुनछ । यसर्थ चार नम्वर प्रदेशको राजधानी पोखरा तोक्ने कुरा सवै हिसावले वस्तुइस्ट छ भन्ने वुझाई मेरो पनि रहेको छ । म कृष्ण वहादुर थापाले प्रस्ताव गर्नुभएको नामलाई हृदयदेखि नै समर्थन गर्न चाहन्छु । साथ साथै साच्चै पोखरा प्रकृतिको वरदान हो । यो प्रकृतिको वरदानलाई हामीले आगामी दिनहरुमा कसरी सुरक्षित गर्न सकछौ, कसरी सुन्दर वनाइराख्न सक्छौं, यो दिशातिर भने गम्भिर हिसावले सोच्न जरुरी छ । साच्चै प्रकृतिले जुन वरदान प्रदान गरेको छ, विस्तारै विस्तारै कुरुप हुने त हैन भन्ने केहि चिन्ताहरु पनि देखिएका छन । साच्चै हामीले यो पोखरालाइ प्रकृतिले जुन ढंगको सौंन्दर्यता प्रदान गरेको छ, त्यो सुन्दरतालाइ अझै सुन्दर वनाउने दिशातिर हामी सवैका ध्यानहरु केन्द्रीत हुनेछन । केन्द्रीत हुन आवस्यक छ । भन्ने पनि मलाइ लागीरहेकोछ , हामी सवैलाइ पनि लागीरहेकै छ भन्ने मैले अनुभुति गरेको छु । यसर्थ पोखराको राजधानी ए चार नम्वर प्रदेशको राजधानी पोखरा रहने कुरा सवै हिसावले उपयुर्क्त छ भन्ने अ. मेरो धारण व्यक्त गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री हरि शरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनट ।

## माननीय हरि शरण आचार्य

माननीय सभामुखज्यु, प्रदेशको राजधानी तोक्ने अथवा प्रदेशको राजधानी के राख्ने भन्ने विषयमा हामीले धेरै लामो छलफल, सदन भन्दा वाहिर अथवा सदनको औपचारिक एउटा समिति जो समितिमा पनि छलफल गर्‍यौ । यहाँ पनि हामी छलफल गरीराखेका छौं। जिल्लामा पनि हामीले सुझाव संकलन गर्ने क्रममा पनि हामी सवै छलफल गर्‍यौं । आज सदनको सम्पतिको रुपमा हामीले प्रस्ताव गरिराखेका छौं । यो प्रस्ताव पोखरालाई हामीले राजधानी वनाउने कुरा यसको केन्द्र वनाउने कुराको विषय सायद सवैको दिल दिमागका छ । अहिले प्रमोद खरेलको एउटा गित म जतिसुकै टाढा भए पनि मलाई यो पोखरा मेरो दिलभित्र छ भन्ने कुरा, म छु आज धेरै टाढा मेरा दिल छ पोखरामा भन्ने विषय वस्तु मैले यसलाई आज संझिदाखेरी राम्रै हुन्छ जस्तो लाग्छ । जे होस् हामी पोखरा भौगोलिक हिसावले पनि केन्द्रमा छ । व्यापारिक हिसावले पनि केन्द्रमै छ । सुन्दरताको हिसावले पनि प्रदेशको यो केन्द्रमै छ । अनि सायद सवै कुराहरुको हिसाले केन्द्रमा छ । मलाई यत्ति मात्रै चिन्ता छ, हिजोको केन्द्रीत शासन

प्रकृयाको रुप धारण यसले नगरोस यत्ति मात्र चिन्ता छ । अरु सवै कुरा यो कुरामा म सहमत छु । हिजोको जुन केद्रिकृत सत्ता साधन जसको विरद्धमा हामीले संघर्ष गर्‍यौं, र त्यो विषय वस्तु जुन रुपमा हिजो हामीले फेरी साहदत प्राप्त गरेका ति शहिदहरु प्रति हामीले सम्मान गर्ने हो भने अव एक पटक केन्द्रीकृत सासन भत्काउने र नया प्रकारको एउटा सासन प्रकृयाको सुरुवात गर्ने हिसावले पोखरा राजधानी ठिक छ भन्ने कुरामा म सहमत छु । दोस्रो कुरा हामीले राजधानीलाई मात्रै केन्द्रविन्दु वनाएर जुन ढंगले विगतमा सोच्ने गरिन्थ्यो, आज राजधानी पोखरा मात्रै हो । पोखराको वाउन्ड्री कहानिर हो । राज्यले अहिलेसम्मको त्यो पोखरा भन्ने कुरा पोखरा उपत्यका हो, पोखरा महानगरपालिका हो अथवा पोखरा भन्ने कहाँ हो । यो विषय वस्तु राज्यले अहिले सम्म राज्यले डिफाइन गरेको छैन । हामीले लेख्ने विषय वस्तु त एउटा होला हामीले वुझ्ने विषय वस्तु एउटा होला । तर त्यो विषय वस्तु डिफाइन हुनु जरुरी छ । र अन्त्यमा आज हामी पोखराकै विषयमा चर्चा गरिराखेका छौ । मैले एक शव्दमा भनेको छु मेरो दिल छ पोखरामा , धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय धनन्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय धनन्जय दवाडी

माननीय सभामुख ज्यु, हामी प्रदेशको राजधानीका सन्दर्भमा छलफल गर्दैछौं । पोखरा यसका निमित्त प्रस्तावित भएको छ । सुरुमानै यसलाइ समर्थन गर्दै आफ्ना कुरा राख्न चाहन्छु । पोखरा यतिवेलो राजधानीका हिसावले हामीले जसलाइ प्रस्तावित गरेका छौ । त्यो निर्माणका निमित्त मध्यकालिन इतिहासमा यो कास्की राज्य अन्तरगत थियो । गोरखाले सुरुमा आखा लाउन नसकेको राज्यको आफ्नै ऐतिहासिकता छ ऐतिहासिक धरोहर छ । शिक्षाका हिसावले ज्ञानका हिसावले यो केन्द्र थियो । कवि सिरोमणि लेखनाथ पौडेल जो मोफसलमा भएर पनि यसको नेतृत्व गरिरहदा केन्द्र स्थापित गरे । धर्मराज थापा, अलिमिया पछिल्लो पुस्तामा आएर सरुभक्तले यो कामका लागी अगुवाइ गरिरहेकै थिए । जव हामी साहित्य संस्कृतीका माध्यमवाट लिट्रेचरका माध्यमवाट कुनै पनि चिजलाइ अगुवाइ गर्छौं स्वभाविक हिसावले उस्ले आफ्नो हक राख्छ आफ्नो दायित्व उसको आफ्नो हक हुन्छ । यसका निमित्त पोखरा यसको हकदार स्वभाविक हिसावले हो । यसकारण राजधानी हुने कुरा ठिक छ भन्ने लाग्छ । नेपालमा हामी पर्यटनका धेरै कुरा गर्छौं, पोखरा पर्यटनको राजधानी हो । काठमाण्डौसंग एउटा विरासत थियो । त्यो विरासतसँग आफैले चुनौती प्राकृतिक हिसावले चुनौती दिएर

उभिरहेको यो पोखरालाइ समृद्ध वनाउन, समुन्नत वनाउन, दायित्व र जिम्मेवारी छ हाम्रा विचमा छन । यो हाम्रा मानसिकताले, हाम्रा कर्मले निर्माण गर्छ । जसरी हामीले पर्यटनका हिसावले साहित्य संस्कृति र कलाका हिसावले पोखरालाइ उठाइरहयौं । राजनितिक हिसावले त्यो उचाइ हामीले प्राप्त गर्न नसकेको चाही साचो र सत्य हो । यस कारणले अव पोखराले सिंगो नेपालको नेतृत्व गर्नेगरि आफ्नो व्यक्तित्व विकाश गर्नुपर्दछ र अग्रसरता लिनु पर्दछ भन्ने मान्यता राख्दछु । पोखरलाइ कसरी परिभाषित गर्ने, मलाइ मेरो दिमागमा वारम्वार प्रश्न उठ्छ एउटा कसारको डल्लोको गुदी कहानिर हुन्छ । त्यो सवैतिर उस्तै हुन्छ । पोखराको केन्द्र  कही छैन, पोखरा नै हो । त्यो कोत्रेवाट तर्नुस पश्चिम वाट आउनुस उत्तरवाट आउनुस जतावाट आउनुस पोखरा पोखरा हो । यस कारणले पोखरा जहानिर भन्नुभएनी त्यो पोखरा हो भन्ने ठान्दछु त्यो विस्वास राख्छु । विगतमा खसौलीसग जोडिन, वटौलीसग जोडिन, भोटसग जोडिन, मधेससग जोडिन पोखराले सुत्रधारको काम गरेको थियो, सेतुको काम गरेको थियो । पोखराको विगत चिलगाडी चढेर ठेलागाडा आयो । सुन्दा पढ्दा अचम्म लाग्छ । चिलगाडीमा ठेलागाढा आउने र अहिलेको चिन्तन र विचार पनि चिल गाढी चढेर आउने र ठेला गाढा वोक्ने हो भने हामी  हामी समृद्ध प्रदेशको समृद्ध प्रदेश राजधानीको कल्पना गर्न सक्दैनौं । अव चिल गाडी जस्तै उड्ने विचारले, चिलगाडी जस्तै गर्ने कर्मले यो ठाउको निर्माण र समृद्धी प्राप्त हुन्छ । यसको निर्माण र समृद्धीले प्रदेश चारको अगुवाइ हुन्छ भन्ने विस्वास राख्छु ।

धन्यवाद,  नमस्कार ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री ललितकला गुरुङ्गलाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय ललितकला गुरुङ्ग

माननीय सभामुख महोदय, आज हामी अत्यन्त खुशिको दिनमा छौ । संघियता पछिको तिन तहकै चुनाव सम्पन्न पछिको आज प्रदेश राजधानीको वारेमा हामी यहा छलफलको क्रममा छौ । र आज अत्यन्त खुशिको दिन पनि लागीरहेको छ । र यो ऐतिहासिक जस्तो लाग्छ मलाइ । प्रदेश नम्वर ४ ले आज हुन्छ र हुन्न भनीरहदा एकै पटक सर्वेको आवाज हुन्छ भन्नेमा गुन्जीरहेको सुन्न पाए । यसको लागी अत्यन्त भाग्यमानी पनि ठानेको छु । र अघि पूर्ववक्ता माननियज्युहरुले भनिसक्नु भएको छ, पोखराको वारेमा धेरौ वयान गरिरहन नपर्ला

। धेरै कविहरुले कविता लेखिसक्नुभएको छ, संगितकार गायकहरुले धेरै शव्दमा पोखराको वयान गरि सक्नुभएको छ । मलाइ पनि याद छ एक दुइवटा गित तर मैले भन्न भन्दीन म । पोखरा साच्चै सवैको मुटु वनिसकेको छ । मुस्ताङ्गको अत्यन्त नजिकको जिल्ला पोखरा अव मनाङ्गको पनि नजिको जिल्ला र प्लेन चढेर आउदै गर्दा आज दुइटा हवाई मैदान भएको मुस्ताङ्ग र नवलपरासी नवलपुर जिल्ला यल्ले पनि समेटेको छ र अत्यन्त खुशि हिमाल देखि तराईसम्म समेटेको छ । यल्ले अत्यन्त खुसि लागेको छ । पोखरा भौगोलिक हिसावले र जात जाती भाषा धर्मको हिसावले ४ नंवर प्रदेश अत्यन्त गौरवको अत्यन्त वैभवशाली वनाएको छ । धेरै कुराले पोखरालाई वयान गर्न सकिन्छ । वयान गर्दै जाने त्यस्तै सिपालुको हातमा पर्‍यो भने त्यति धेरै शव्द पनि शव्द कोषमा नभेटिएला भन्ने मलाई लाग्छ। हाम्रो पार्टीले नेपाली काग्रेसको तर्फवाट पनि पोखरा नै हुनुपर्छ भनेर सहमतको साथ आएको छ र यहा सवैले पोखरा नै यसमा दुई मत देखिदैन । पोखरा शिक्षा स्वास्थ्यको हिसावले, यातायातको हिसावले, हवाई यातायातको हिसावले, भौगोलिक हिसाले, स्वास्थ्यका हिसावले सवै कुराले राम्रो छ । कताकती राम्राका कुरा गर्दै गर्दा यसमा विकाशका कुरा गर्देगर्दा थोरै थोरै यसमा अमिला कुराहरु पनि आउन सक्छन र अघि नै भनिसक्नुभाको छ । नराम्रालाई राम्रो वनाउने हाम्रो दायित्व हो । त्यस कारणले यसलाइ कुनै दुइमत नगरिकन पोखरा सहमत भैसकेको छ र मेरो पनि यसमा सहमत छ । मेरो पार्टीको पनि सहमत छ भन्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु ।

धन्यवाद । जय नेपाल ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननिय दिपक कोइराला

माननीय सभामुख महोदय, हामी संविधानले निर्दिष्ट गरेको, संविधानले दिएको अधिकार प्रयोग गरेर प्रदेशको राजधानी र नामाङ्कन प्रदेश सभावाट निर्माण गर्ने जुन हामीलाइ अधिकार संविधानले दिएको थियो त्यसको आधारमा हामीले प्रदेशको राजधानी र नामाङ्कन संवन्धि छलफलहरु गर्दै अव हामी निश्कर्ष तिर अगाडी वढ्दैछौं र आज हामी प्रदेशको राजधानीको वारेमा छलफल गर्दैछौं । प्रदेशको राजधानी र नामाङ्कन समितिको सदस्य भएर

जिल्लाहरुको भ्रमण गरिरहदा अव पोखरा निर्विकल्प त नभनौ निर्विवाद राजधानीको रुपमा सवैतिरवाट आयो । किनभने निर्विकल्प रहित कुरा केही पनि हुदैन । कहिलेकाही म के सुन्छु भने यो निर्विकल्प हो जस्तो भन्ने जस्तो गरिकन कुराहरु आउछन, निर्विकल्प चाही वुझ्नु हुदैन । किन कि त्यसो वुझ्दा हामी पोखराकै प्रतिनिधित्व गर्ने हामी सांसदहरुको लागी त राम्रै कुरा होला तर समग्र प्रदेशको भावनालाइ कदर गर्ने कुरा कहिलेकाही त्यो नपुग्न पनि सक्छ । यसकारण यो निर्विवाद सर्वस्विकार्य राजधानी आज देखा परेको छ र पोखरा त्यस्तो रुपमा स्थापित छ । र पोखरालाइ हामी सवैले यो प्रदेशको राजधानीको रुपमा स्विकार गरिसकेको अवस्था छ । यसमा मेरो  पनि समर्थन राख्न चाहन्छु । अव पोखरा भौतिक पूर्वाधारको हिसावले सास्कृतिक केन्द्रको हिसावले यहा अघि नै धेरै व्याख्याहरु आए, त्यसपछि सुगमताको हिसावले अहिले सवै हिसाव कुराहरु हेर्दा पोखरानै अहिले उपयुक्त राजधानीको रुपमा स्थापित भएको छ । हामी वास्तवमा हामीहरुलाइ एउटा काम अलिकती सजिलो पनि भएको हो । अरु प्रदेशमा राजधानीका लागी ठुल्ठुला लडाइहरु भैराख्या छन । हामीलाइ पोखरा राजधानी यो भौगोलिक सिमाङ्कन भयो, संविधानले यो ४ नंवर प्रदेशको एउटा सिमाङ्कन गर्‍यो । त्यतिवेलावाट नै करिव करीव सवैको स्विकार्य राजधानीको रुपमा पोखरालाइ हामीले लियौं र आज हामी यहा आइपुगेकाछौं । तर अव अलि एउटा कुरा चाही के गर्नुपर्छ जस्तो मलाइ लाग्छ भने पोखराले पोखरा केन्द्र त हामीले वनाउछौं । तर पोखराले आफ्नो वरिपरि भएका सेटलाइट सिटिहरुको व्यवस्थित विकास  चाही गर्नै पर्छ । पोखरा आफै केन्द्र वनेर पोखरा मात्रै अगाडी जानु पनि सक्दैन । प्रदेश सरकारले त्यस्तो योजना पनि वनाएको छ कि यसलाइ सेटलाइट सिटिहरु निर्माण गर्ने । अव हामीले अलिकति पोखरावाट टाढा हुनुभएका या टाढाको भौगोलिक अलिकति सुगमताहरु कमी छन । त्यसलाइ विकाशको एउटा तिव्र विकाशको गतिले अझ नजिक वनाउन सकिन्छ। त्यो सम्भावना भनेको नै फेरी पोखरा नै हो । त्यस कारणले यो सवै कारणहरुले गर्दा पोखरा राजधानी वनाउन उपयुक्त देखिएको छ । पोखरा नै यसको एउटा सर्व स्विकार्य राजधानी हामी निर्माण गर्न सक्दछौं भन्ने मेरो मत र भनाई राख्दछु । धन्यवाद ।

**मा. सभामुख श्री श्रृजना शर्मा**

माननिय श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुख ज्यु, आज हामी अत्यन्तै महत्वपूर्ण विषय प्रदेश नंवर चारको राजधानी

तोक्ने विषयमा छलफलमा सहभागी वनीरहेकाछौं । संविधानले प्रदेशको राजधानी र यसको नामाङ्कनको विषय प्रदेश सभाको अधिकार क्षेत्र भित्र रहेको छ । अभ्यास गर्ने सन्दर्भमा प्रदेशको राजधानी र नामाङ्कनको विषयलाइ हामीले एउटा संसदिय समिति निर्माण गर्‍यौं । संसदिय समितिले यो प्रदेश भित्रका ११ वटै जिल्लामा पुगेर सुझाव संकलन गर्ने र राय प्रकट गर्ने कुरा गरिसकेको छ । पोखरा म भन्दा पूर्व वोल्ने माननिय सांसदहरु पनि राखि सक्नु भएको छ । ११ वटा जिल्ला मुस्ताङ्गदेखि नवलपुर सम्मको जुन भुगोलमा फैलिएको छ । यो केन्द्रको हिसावले, भौतिक पूर्वाधारको हिसावले, यातायातको सुगमताको हिसावले शिक्षा स्वास्थ्य पर्यटन लगायतका सवै हिसावमा जुन यसले आफ्नो नेतृत्व यो प्रदेशका जिल्लाहरुमा लिएको छ, यो सवै हिसावले पनि पोखरा केन्द्र वनाउदा यो केन्द्र भित्र रहने अरु वाकी १० वटा जिल्लाले विकाशको अनुभुति गर्न सक्नेछन । यो केन्द्र प्रति आफ्नो अपनत्व ग्रहण गर्न सक्नेछन । यो मानेमा हामी साझा वुझाइका साथ पोखरालाइ राजधानी निर्णय गर्ने छलफलको अन्तीम चरणमा छौं । मैले पनि व्यक्तिगत ढंगले मेरो दलको तर्फवाट पनि पोखरा राजधानी वनाउदा यो प्रदेश नंवर ४ का निम्ती एउटा गौरवको विषय हुनेछ । मैले यो कुरा यहा राख्न चाहन्छु । सगसगै एउटा कुरा जोड्न चाहन्छु । हामी जती सहजताका साथ राजधानी टुंङ्ग्याउन उपस्थित भएका छौ, म वास्तवमा यो सन्दर्भमा राख्न चाहन्छु । हामी अत्यन्त सहि र उपयुक्त समयमा राजधानीको नामाङ्कन र प्रदेशको नामाङ्कन गर्न गइरहेकाछौं । यि दुइटै विषय आगामी दिनमा सर्वसम्मतीका साथ हामी भित्र रहेका कतिपय सानातिना विमतिहरुलाइ हामीले विच्छाएर विर्सेर वृहत्तर यो प्रदेशको उचाइका निम्ती, यसको विकाशका निम्ती  यसको समृद्धिका निम्ती एक मना एकताका साथ हामी दुइटै विषय टुंग्याउने कुरामा सम्पूर्ण माननिय सांसदज्युहरु हामी सवै अग्र भागमा रहेर अगाडि वढ्ने कुरा पनि यहाहरु विचमा राख्दै पुनः प्रदेश नं ४ को राजधानी यो पोखरा तपाइ हामी सवैको एउटा पोखरा ४ नंवर प्रदेशको एउटा गौरवको पोखराको रुपमा कायम गर्ने यल्लाइ अगाडी वढाउने कुरा समेत राख्दै विदा हुन चाहन्छु, हस धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री विन्दु कुमार थापालाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननिय विन्दु कुमार थापा

सभामुख महोदय, २०७५ जेठ २१ सभामा प्रस्तुत प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको प्रतिवेदन उपर छलफल हुदै छ । छलफल गर्दैछौं । त्यस मध्यमा यो

प्रदेशको स्थायी राजधानी तोक्ने विषयमा हामी आज छलफल गरिराखेका छौ । यो एउटा सर्वसम्मत रुपवाटै चार नंवर प्रदेशको राजधानी पोखरा हुनुपर्छ भनेर धेरै ११ वटै जिल्लामा मत सर्भेक्षण गर्ने सिलसिलामा जादाखेरी पनि त्यो खालको अभिमत पाएको हामीले पाएकाछौं । टोटल ७५१ जना संख्या मध्यमा ७०५ जना अथवा ९३।८७ प्रतिसत जनताहरुले चाही यो ४ नंवर प्रदेशको स्थायी राजधानी पोखरा नै हुनुपर्छ भनेर उहाहरुले अभिमत पनि दिइ राखेको अवस्था छ र यहाको भौतिक संरचना यो सवै हिसावले, भुगोलको हिसावले सेन्टर र पायक पर्ने हिसावले पनि यो पोखरा उपयुक्त छ । यो ४ नंवर प्रदेशको राजधानी पोखरा नै हुनुपर्छ भन्नेमा क मेरो आफ्नो दल नेपाली काग्रेस र मेरो आफ्नने व्यक्तिगत धारणा पनि यो ४ नंवर प्रदेशको राजधानी स्थायी रुपमा राजधानी तोक्नको लागी पोखरा नै उपयुक्त हुन्छ भन्ने मलाइ लाग्दछ र यो पोखरा भनिरहदाखेरी अव यल्लाइ ग्रेटर पोखराको रुपवाट हामीले हेर्नुपर्छ । किनभने अव पोखरा लेखनाथ महानगरपालिकालाइ पनि अव हामीले पोखरा महानगरपालिकाको रुपमा अगाडी सारीसकेको अवस्था छ । त्यस कारण अव कोत्रेवाट अव यो चाही कोत्रेसम्म फैलियको यो पोखरा महानगरपालिका छ । यल्लाई चाही संकुचित दायरामा नराखिकन ग्रेटर पोखराको हिसावले यो पोखरालाइ यो सेति वारि अथवा विजयपुर वारीलाइ मात्रै सिमित नराखिकन अलि फराकिलो दायरावाट हामी अगाडी वढ्नुपर्छ भन्ने मलाइ लाग्छ र यो प्रदेशको स्थायी राजधानी तोकिरहदाखेरि अव नामाङ्कन पनि यो प्रदेशको स्थायी राजधानी हामीले जसरी सर्वसम्मत सर्व स्विकार्य हिसावले हामी जान्छौं, त्यसरी नै सवै हामी यहा साविक पाचवटा पार्टी यहा उपस्थित छौं । सवैको एउटा सर्व स्विकार्य हिसाववाट सर्वसम्मत हिसाववाट यो नामाङ्कनमा पनि त्यसरी नै जानेछ भन्ने पनि मेरो पनि आषा रहेको छ । यो प्रदेशको स्थायी राजधानीको हकमा पोखरा नै हुनुपर्छ । यो हरेक हिसावले हरेक दृष्टिकोणवाट उपयुक्त छ भन्ने मेरो आफ्नो भावना राख्दै मेरो भनाइ यहि टुंग्याउन चाहन्छु । धन्यवाद ,जय नेपाल ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री दिपक  थापालाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय दिपक थापा

माननीय सभामुखज्यु, हामी यो ४ नंवर प्रदेशको राजधानीको छलफलको विषयमा उपस्थित भएकाछौं । त्यसैले मलाई के लाग्छ भने जुन हामी राज्यको पूर्ण संरचनाको जुन यो एउटा राजधानी तोक्ने एउटा महत्वपूर्ण विषय हो । यो अति आवस्यकता पनि हो र यसले निस्चित

रुपले जुनकि हाम्रा हरेक यहाका शासन प्रशासनहरु, यहाँका निति नियमहरु र सम्पूर्ण यहाका काम गर्ने यसको एउटा थलो भएको हुनाले यो अत्यधिक महत्वपूर्ण रहेको छ । त्यसैले यो पोखरा यहाको केन्द्र वन्दाखेरी यहाको भौगोलिक केन्द्रता सायद यो ११ वटै जिल्लावाट केन्द्रीत हुन हामी सक्छौ । त्यसैले यसले धेरै रहँदाखेरी जुन केन्द्र तोकिरहदा खेरी सुरक्षाको पनि यो अति महत्वपूर्ण हुन्छ । यसले सुरक्षाले पनि हामीले केन्द्रित गर्न सक्ने र हामी विकेन्द्रीकरण पनि गर्न सक्ने केन्द्रीत गर्न सक्ने साथै हामी पनि सुरक्षा पनि गर्न सक्ने यसलाई हामी वचाउन सक्ने यो एउटा रहेको छ । अर्का यहाँ यसरी सरसर्ती हेर्दाखेरी यहाको जुन कि भौगोलिक पूर्वाधारहरु संरचनाहरु यहा अत्यधिक प्राप्त मात्रामा छन र साथै यदि ति संरचनाहरु निर्माण गर्न परेको भएतापनि फेरी त्यसलाई त्यो खालको भौगोलिक अवस्थाहरु त्यहाको व्यवस्थापन गर्न पर्ने यो धेरै रहेको छ । यसले पनि अत्यधिक महत्व यल्ले पनि दिने हुन्छ र साथै यो जुन पोखरा भन्ने जुन यो ठाँउ अति नै सुन्दरता प्रकृतिले एउटा तटस्थ स्थान झल्कीने भएकोले यो अत्यधिक सवै यहाका सायद यहाका पर्यटनको जुन कि नेपालको नै यो हाम्रो राष्ट्रको नै केन्द्रीत हुने ठाउ भएको हुनाले यसले सवै चिजले गर्न सकिनछ । यहि कारण यहाको फेरी जुन यहाँ प्रशासन सुगमता सवैवाट केन्द्रित गर्ने भएको हुनाले प्रसासनमा यल्ले सुगमतामा दिन सक्छन । यहि भएको हुनाले हाम्रा स्वास्थ्य, शिक्षा र पनि यस्ले केन्द्रत गरेर सवैलाइ हामीले यो पुर्याउन सक्ने भएको हुनाले चारैतिर जुनसुकै ठाउवाट चाहे प्रदेशवाट होस चाहे हाम्रो राजधानीवाट होस चाहे एउटा देशवाट आर्को देशमा अरु छिमेकी राष्ट्रहरुमा पनि केन्द्रीत हुने यो वाटो पनि अत्यधिक महत्वपूर्ण भएको हुनाले यो भन्दा दोस्रो ठाउ यहा रहदैनन । त्यसकारणले यो पोखरालाइ नै हाम्रो केन्द्र, राजधानीको लागी हाम्रो पार्टी र मेरा तर्फ वाट पूर्ण समर्थन गरेर आएको छ । यसैमा यो छलफलमा अन्त गर्न चाहन्छु । हस्त, धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री सरीता गुरुङ्गलाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय सरीता गुरुङ्ग

माननीय सभामुख महोदय, आज हामी प्रदेश नंवर ४ को राजधानीको नामाकरणको वारे छलफल गरिराखेकाछौं । मलाई साच्चै नै यो ऐतिहासिक प्रदेश सभामा वस्दा एउटा संघियताको महसुस फिलिंग गरिराखेको अनुभव भैराखेको छ । यसमा पोखरा राजधानी हुनलाई यो विवाद रहित भन्ने कुरा पूर्ववक्ताहरुले पनि भनिसक्नु भयो । यो साच्चै नै हो

किन भने यो प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो पोखरा अन्नपूर्ण हिमालको काखमा, फेवातालको साथमा सातेतालको वाटिका वनेको  यो पोखरा आफैमा सौन्दर्य छ । आफ्नो एउटा प्राकृतिकले परिचय दिइरहेको एउटा आफ्नै आइडेन्टी वोकेको हो र यति कुरा हामीलाइ के पनि थाह भने विदेशि पर्यटकहरु काठमाण्डौ राजधानीमा एकरात वस्छ भने पोखरामा एक साता वस्छ भन्ने कुरा पनि हामीलाइ थाह छ । त्यसैले हामी यो पोखराको पोखरा राजधानी हो भन्ने वारेमा हाम्रो विवाद छैन र योल्लाई यो चाही हामी यसको सौन्दर्य जोगाइ राख्नु पर्छ र यो पोखरा राजधानी हो प्रदेश नम्वर चारको भन्ने कुरामा हामी सवैले यो निर्विवादको रुपमा लिइ राखेको छु । यसको साथसाथै यसमा धेरै भौतिक पूर्वाधारको कामहरु पनि यसमा भई राखेको छ । जस्तै फोर ल्याण्डको वाटो र अन्तराष्ट्रिय विमान स्थलहरु । यल्ले गर्दा पनि आज यसलाई सहयोग पुर्‍याइराखेको छ र माननीय सभामुखज्यु । यति हुँदा हुँदै हामीले एउटा पोखराको आफ्नै परिचय र एउटा विदेशि हामी विदेशतिर जादाखेरी नेपाल भनेर भन्दा नेपाल भन्दा पोखरा हो भन्यो भने अझ वढी माया र ममता पाउने हामी आफुले महसुस गरेका छु । म आफुले पनि  त्यो उपभोग गरेको छु । त्यसैगरि त्यति हुदा हुदै अव जस्तो काठमाण्डौ उपत्यका भन्नाले तिनवटा जिल्ला काठमाण्डौ, भक्तपुर, ललितपुर भनेर चिनिन्छ । उपत्यका भन्ने त्यो भित्र तिनवटा जिल्ला भए जस्तै हाम्रो यो पोखरा राजधानीलाई पनि  सिमित राख्नु हुन्न भन्ने मेरो मान्यता छ । किनभने योल्लाई अझ फराकीलो र यसको प्राकृतिक सौन्दर्यलाइ वचाइ राख्नका लागी विदेशी पर्यटकहरुलाइ आकर्षित गर्नका लागी योलाई अझ वढि स्पोन्सन गर्नका लागी आवस्यकता रहेको म यो गरिमामय सभामा अनुरोध गर्न चाहन्छु । किनभने छिमेकी जिल्ला तनहुमा यो चार ल्याण्डको वाटो फोर ल्याण्डका रोडहरु  वनिराखेको छ ।त्यहा धेरै पुर्वाधार भौतिक पूर्वाधरको कामहरु भैसकेको छ । धेरै भवनहरु छ । जस्तै पश्चिमाञ्चलको सिटीभिटी शैक्षिक सिटिभिटि तालिम केन्द्र, श्रोत केन्द्र त्यहाँ छ । त्यस्तै गरि शुक्लागण्डकीमा धेरै ठाउहरु खली जग्गाहरु छ । ति ठाउमा आज यो राजधानीलाई अभ्रू राम्रो भरिपूर्ण सौदर्य गर्न अझ खुला र फराकिलो वनाउन यसको सिमा अझ फराकिलो वनाउनु पर्छ । भन्छन नि माथि हामी प्याराग्लाइडिङ्गमा झर्दाखेरी छाता जति फुक्यो हामी राम्रोसित ल्याण्ड हुन्छ इजिली ल्याण्ड हुन्छ हुन सकिन्छ । छाता फुकेन भने हामी दुर्घटनामा परिन्छ । त्यसै गरि भोली यसको सौदर्य र आइडेन्टी यसको परिचय आज मजवुत वनाउनको लागी राजधानीको भुभाग विस्तार हुनुपर्छ भनि म सभामुख मार्फत प्रदेश सरकारलाइ अनुरोध गर्दै म विदा हुन्छु । धन्यवाद , जय नेपाल  ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री मिन प्रसाद  गुरुङ्गलाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मिन प्रसाद गुरुङ्ग

सभामुख महोदय, आज हामीहरु लोकतान्त्रिक संघिय गणतन्त्रको संविधान जारी भैसकेपछि एउटा ऐतिहासिक मोडमा उभिएका छौ । संविधानलाइ संस्थागत गर्न संघियतालाई संस्थागत गर्न व्यवहार प्रयोज ल्याउनको लागी त्यो स्वरुप आज हामीहरु प्रदेश ४ को राजधानी तोक्ने एउटा प्रकृयामा हामी उपस्थित भएका छौं । स्वभाविक रुपले संविधानको धारा १५५ , ९५ को उपदफा २ मा संक्रमणकालीन व्यवस्था अनुसार भाग ३३ यो प्रदेशलाई आफ्नो नाम, त्यसपछि राजधानी तोक्ने जुन संविधानले प्रदत्त गरेको दुई तिहाई वहुमतको अधिकार छ, त्यसको हामी सदुपयोग गर्न गई रहेकाछौं । स्वभाविक रुपले पूर्ववक्ता माननियज्युहरुले भन्नुभए जस्तै प्रदेशको राजधानी तोक्ने  सवालमा यसमा धेरै विवादहरु छैनन र ऐतिहासिक तथ्यहरु पनि हामी देखिरहेका छौं या वुझि रहेका छौं । अनि यसको भौतिक पूर्वाधार देखि लिएर सम्पूर्ण कुराहरुको सामर्थ्यका कुराहरु पनि सगसगै यस्मा सहयोग पुर्‍याएको छ । हामी थोरै इतिहासतिर फर्कने हो भनेपनि चाहे त्यो हिजो थुप्रै चाविसे वाइसे राज्यहरुको वेलामा पनि यो कास्की अनि पोखरा यसको नेराघेराको केन्द्रीकीत भएर यसलाई केन्द्र विन्दुको रुपमा आइरहेको । त्यतिमात्र होइन यो प्रसासनिक ईकाईहरुलाई सरकारले सुगमताको हिसावले सासन व्यवस्थालाइ प्रसासन इकाइहरु विभाजन गरिरहदाखेरी जंग वहादुर पछि विशेषत विर संसेरको पालामा जव ३५ वटा ईकाईहरु गठन गरे । त्यो वेलामा पनि यो पोखरा त्यतिकै महत्वको थियो । त्यति मात्र होइन, अहिले पछाडी जव २०१८ सालमा १४ अञ्चल ७५ जिल्लाहरु भए, जिल्लाको केन्द्र त यो थिदै थियो, अञ्चलको केन्द्र पछि विकाश क्षेत्रको पनि यो केन्द्र भैरहेको हुदा पनि, यि सम्पुर्ण आधारहरुले हामीले धेरै वहस र पैरवी गरिरहनु भन्दा पनि यो चाहीने प्रदेशको अहिले अघि नै पूर्व माननीयहरुले भनि सक्नुभाछ । जव सातवटा प्रदेश निर्धारण भैसके पछि प्रदेश चारको अस्थायी राजधानी तोकी सकेपछि यो अस्थायी मात्र होइन स्थायी हो भन्ने किसीमवाट त्यतिखेर नै जनमानसमा एउटा विचारहरु एउटा व्यवहारगत किसीमवाट हामीहरु अगाडी वढेका थियौ । साच्चै नै सास्कृतिक रुपले या केन्द्रिकृत प्रसासनले काठमाण्डौ राजधानी भएपनि अहिले पनि हामीहरु पोखरालाइ प्राकृतिक रुपले देशको मात्रै नभएर विदेशीहरुले पनि यसलाई एउटा पर्यटकको केन्द्रीय गन्तव्यको रुपमा मानीरहेको हुनाले पनि, यि सम्पूर्ण कुराले सास्कृतिक,

ऐतिहासिक, पर्यटकिय अरु आर्थिक अवयवहरु चलखेल गर्ने पश्चिमाञ्चलको हिजो देखिनको पनि यो केन्द्र भएको हुनाले पनि स्वभाविक रुपले मलाई लाग्छ यसरी हामी सर्वसत भन्न पुगेका छौं । यसले संकेत भोली गएर यो ऐतिहासिक महत्वको विषयहरुमा साच्चै नै संसदमा एक मत पनि हुन्छ भन्ने एउटा दिशा निर्देश पनि आम जनतालाई हामीलाई अनुभव गराएको छ र भोलीका दिनहरुमा सवै यसरी नै हामीहरु जुट्ने यहाहरुसंग अनुरोध र अपेक्षा गर्दै म एउटा निवेदन हामीहरु हाम्रा यि विषयहरुलाई उठाई रहदाखेरी वोली रहँदाखेरी, मलाई लाग्छ हामीले त्यसको गाम्वीर्य ,त्यसको महत्वलाइ अलिकति माननियज्युहरु लगायत अरुले पनि हेक्का राख्नु पर्छ होला भन्ने लाग्छ । कहि कतै जिम्मेवार नेताहरुले वोलीरहदाखेरी त्यसको अरु हलका किसीमवाट टिका टिप्पणी गर्नु र अहिलेका मिडियाहरुमा त्यो प्रयोग गरेर कसैको मान मर्दन गर्ने कुरा मलाई लाग्छ माननियज्युहरुले यो कुरा एकदमै वुझ्नु भाछ भने अरुले पनि त्यै अनुसारको अनुसारको गम्भीर रुपले लिनपर्छ भन्ने यहाहरुसंग निवेदन गर्दै आफ्नो भनाई अन्त्य गरे, धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री प्रभा कोइरालालाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय प्रभा कोइराला

माननीय सभामुख महोदय, आज हामीले एउटा ऐतिहासिक मोडमा उभिने मौका पाएकाछौ । हामीले संविधान वनायौं । संविधानमा उल्लेखित विषयहरुलाइ कार्यान्वयन गर्ने पक्षमा हामी उभिन सफल भएका छौं भन्ने मैले अनुभुति गरेकी छु । यसर्थ आज प्रदेशको राजधानीको न्वारन गर्दैछौं हामीहरुले । न्वारन गर्ने नाम हामीले ऐक्यवध्यताका साथ जुराइसकेका छौ । यसर्थमा पश्चिमाण्चलकै सेन्टर विगत देखि वाट रहेको प्रसासकिय क्षेत्रवाट पनि मजवुत ठाउ, व्यवसायीक केन्द्रका रुपमा परिचित यो ठाउ कला, गला र साहित्यले भरिपूर्ण यो ठाउ, डाँडै डाँडाहरुको विचमा रहेको साच्चै विगतलाई संझिदाखेरी पोखरा एउटा पोखरीको रुपमा रहेछ । पोखरीको विकसित रुप पोखरा रहेछ किनभने यता सराङ्गकोट, यता ढिकिडाँडा, पुम्दीकोट कालीलेक काहुँ डाँडा वेगनासको डाँडा यि सवै डाँडै डाँडाको विचमा रहेको यो पोखरीले आज पानी पानीको शहरको रुपमा पनि यसलाइ भनिने गरिदो रहेछ । सात तालको शहर भनेर भन्ने गर्थ्यौं अहिले नौ तालको शहर वनेको छ यो । नौ तालको शहर, सेति गण्डकी, काली खोला, विजयपुर खोलालाइ लिदाखेरी पानी पानीको शहरको

रुपमा पनि यसलाई मान्ने गरिन्छ । त्यसैगरि पोखरा पर्यटकिय स्थलको एउटा उदगम स्थल पनि हो । पोखरालाई हेर्दाखेरी वाहिरवाट हेर्दा कुनै पनि विदेशमा गएर पोखरालाइ म नेपाली हु भनेर भन्दा पोखरा भनेर भन्दा छिटो चिन्ने नेपाली हु भनेर भन्दा अधिकती ढिलो हुने पनि हामीले पाएका छौ । त्यस कारणले गर्दा खेरी पनि यो विषय भनेका असाध्यै उत्कृष्ठ विषय मलाइ लागेको छ । हामी सवैले ऐक्यवद्धता पनि जाहेर गरिसकेका छौ । यस अर्थले पनि प्रदेश नंवर चारको राजधानी पोखरा उपर्युत हुन्छ भन्ने मलाइ लाग्छ । पोखरामा विस्वविध्यालय यहि छन । हेल्थ संवन्धि रिसर्च सेन्टरहरु पनि यही छन । विभिन्न क्षेत्रवाट ऐतिहासिक स्थल, धार्मीक स्थलहरु पनि यही छन । विन्धवासिनि मन्दिर देखि तालवाराही मन्दिर देखि लिएर गुप्तेस्वर महादेव गुफा, विशाल वौद्ध गुम्वा र अव फेरी वन्दै गरेका विशाल शिवका मुर्तिहरु पनि पोखरामै छन  । यसर्थ पनि प्रदेश सरकारले चाहेको हरेक क्षेत्रको उज्यालो पोखरावाट प्राप्त गर्न सकिन्छ भन्ने मलाइ लाग्छ । पोखरा आफैमा सुन्दर छ । पोखरा शहर हेर्दैमा राम्रो यहि पर्‍यो घर हाम्रो भनेर हाम्रो माननिय कृष्ण थापाज्युले गित पनि वनाउनु भाथ्यो । विभिन्न कलाकारहरुले पोखरालाइ उचाइमा पुर्‍याउने गरि गितकारहरुले गित वनाउनुभयो, साहित्यकारहरुले साहित्य सृजना गर्नु भयो । यो स्थल भनेको एउटा हरेक क्षेत्रको उर्जासिल क्षेत्र हो यो पोखरा । यसर्थ पनि रिसर्च गर्दाखेरी ११ वटा जिल्लावाट रिसर्च गर्दाखेरी रिसर्चको नतिजा राम्रै आएको हो भन्ने मलाइ लाग्छ । अव यो पोखराको सुन्दरतालाइ नविगार्ने गरि योजना प्रदेश सरकारले वनाएको छ । ति योजनाहरुलाइ परीपूर्ति गर्नेगरी हामीहरु लागौं । त्यसरी लाग्न सकियो भने हामीले सातवटै प्रदेश मध्यको पनि उत्कृष्ठ प्रदेशको राजधानी पोखरा वनाउन सक्छौं भन्ने मलाइ लाग्छ । जसरी हामी अहिले ऐतिहासिक ऐक्यवद्धताका आधारमा अहिलेसम्म आइरहेका छौं । आउने दिनहरुमा पनि ऐक्यवद्धतालाइ नै सम्झेर अगाडी वढ्दै जाने योजना वनाउ । सवै माननियज्युहरुलाई हार्दिक अनुरोध गर्दै मेरो भनाइ यहि अन्त्य गर्छु , धन्यवाद ।

**मा. सभामुख श्री श्रृजना शर्मा**

माननीय श्री पुष्पा के सि भण्डारीलाइ छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पुष्पा के सि भण्डारी**

माननीय सभामुख महोदय, आजको यो गरिमामय सभामा प्रदेश राजधानी संवन्धमा छलफल हुन गैरहेको छ । सवैजसो पूर्ववक्ता साथीहरुले पोखरा नै भनि राख्नु भएको छ । संसारको सुन्दर मुलुक नेपाल , नेपालको सुन्दर प्रदेश प्रदेश नंवर चार, प्रदेश नंवर चारका

११ वटै जिल्लाहरु सुन्दरै छन । ति सवै जिल्लाहरुका हेडक्वाटरहरु कुनैपनि आफैमा कम सुन्दर छैनन र कम ऐतिहासिक पनि छैनन । त्यति हुदाहुदै पनि पोखरा संसारकै सुन्दर र पर्यटकिय गन्तव्य पनि हो । त्यसैले यसका आफ्नै विषेशताहरु पनि छन । यो एउटा हाम्रो प्रदेशले लिएको एउटा मुख्य उद्देस्य पर्यटनको विकाश भनिरहदा आज मात्र होइन सधैभरी पोखरा पर्यटकिय गन्तव्य भैराखेको अवस्थामा यसलाइ राजधानी  हो भन्नु र यसलाइ राजधानी वनाउनु पर्छ भन्नु कुनै नौलो कुरा होइन । यो राजधानी हुनुपर्छ र हुनुका कारणहरु पनि धेरै छन । साथीहरुले भनि सक्नु भाछ, मैले नया केहि भनदै भन्दिन । मैले त खाली उहाँहरुका कुरा दोहेर्‍याउछु होला । दोहोर्‍याउछु नै । किन भने उहाहरुले धेरै राम्रा कुरा भनि सक्नु भाको छ । पोखरा धेरै तुलनात्मक रुपमा विकसीत छ, अरु हेडक्वाटरहरु भन्दा । त्यसैले पनि यसलाइ वनाउनु पर्‍यो । सुन्दरताको वयान मैले गर्नु पर्दैन । सवैले गरिसक्नु भएको छ । त्यसमाथी आफ्नै गरिमा वोकेकी कुमारी हिमाल यहा अवश्थित छिन माछापुच्छे । जसले हिमालै हिमालहरुको प्रदेश र सगरमाथा समेत यसै मुलुकमा भएको हुदा हुदै पनि यसै माछापुच्छेले आफुलाइ भिन्न रुपमा भिन्न सौन्दर्यताको साथ उभ्याएको हुदा यसलाइ हेर्नकै निम्ती एर्पोर्टमै मानिसहरु आखा तान्छन । त्यसलाइ देख्न नपाउदाखेरी दुखित हुन्छन , रुन्छन । त्यस्तो हिमाल यहि छ । त्यसैले पनि देखिन त टाढावाट पनि अरु जिल्लावाट पनि देखिदो रहेछ । तर जति सुन्दर यहावाट देखिन्छ , त्यति अरु ठाउवाट देखिदैन । त्यसैले पनि यो पोखरा राजधानी हुनका लागी उत्तम छ । पहुचको कुरा त गर्नै परेन । वा अघि हाम्रो धनन्जय माननियज्युले भन्नुभएथ्यो चिल गाडी यहा कहिले जमानामा आयो । २२,२३ सालतिर म पनि आमाको काखमा वसेर चिल गाडी चढेको थिएँ रे के । अनि मैले जान्नी हुदा खेरी २७ सालतिर पनि चिल गाडी चढेको थिए भन्दा अव विकाशको कुरा त हुदै भयो । त्यस माथी अन्तराष्ट्रिय विमानस्थलका कुरा र अरु विकाशका कुराहरु पनि यहा पहिले नै छन र अव पनि वन्दैछन । त्यसैले गर्दाखेरी यो पोखरा निर्वीवाद रुपमा सवैले मान्नुभएको होला । आफ्ना आफ्ना ठाउका आफ्ना आफ्ना जिल्लाहरु सुन्दर हुँदाहुँदै पनि आफ्ना आफ्ना जिल्लाका हेडक्वाटरहरु सुन्दर हुँदाहुँदै पनि सम्पुर्ण साथीहरुले माननियज्युहरुले पोखरालाई राजधानी यसै भन्नुभएको होइन होला । त्यसैले मेरा पनि यसैमा पोखरा प्रदेशको राजधानी हुनू स्वभाविक हो भन्ने अभिप्राय व्यक्त गर्दै यहावाट आज्ञा चाहन्छु । धन्यवाद  ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री राजिव पहारीलाइ छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय राजिव पहारी

माननीय सभामुख महोदय, विस्वमै प्राकृतिक स्रोत साधनले पोखरा शहर छ अत्यन्त धनी । प्रदेश नंवर चारको प्रदेश सभाले अव यसलाइ वनाउदै छ राजधानी , पोखरा अकवरी सुन हो । अकवरी सुनलाइ धेरै कसि लगायो भने संका उत्पन्न हुन्छ । पोखराको वारेमा कविले कविता लेख्न लाग्यो भने रात परेको नी मेसो हुन्न । हामी जस्ताले वोल्न लाइयो भने दुइ दिन पनि कमै हुन्छ । अव पोखरालाइ हामीले  राजधानी त वनाउदैछौं । अव प्रदेश नंवर चार पनि आजवाट वाधिदै छ । अव यो प्रदेशको राजधानी पोखराका वाटाघाटाहरुमा हामीले गाइ भैसीको लावा लस्कर देख्न नपरोस् । पोखरा यो प्रदेशको राजधानीमा सवैले स्वच्छ सफा पिउने पानी, खाने पानीको अवस्था होस । र पोखरा प्रदेश नंवर चारको राजधानीमा आउदा अवको ४,५ वर्ष पछाडी या पोखरा जानुपर्छ भनेसी मास्क गोजिमा हालेर आउनु पर्ने स्थिति नवनोस । हामीले पोखरालाई स्वच्छ सफा हराभरा वनाउने हिसावले हामी अगाडी वढौं । पोखरा भन्ने वित्तिकै हामीले यसलाइ एकदम सिमीततामा खुम्च्याउनु हुदैन । वाग्लुङ्गको एउटा मान्छेलाइ काठमाण्डौं भेटियो भने घर कहा भन्दा उस्ले पोखरा भन्छ । दमौलीको मान्छेलाइ पाल्पामा भेटीयो भने घर कहा भन्दा पोखरा भन्छ । पोखरा भनेको ग्रेटर पोखरा । एक हिसावले भन्नुहुन्छ भने मुस्ताङ्गको कोरला देखि लिएर सुस्तासम्मलाइ नी पोखरा भन्न मिल्छ । ग्रेटर पोखराले ति सवै कुरालाइ  समेट्छ । तसर्थ यो कास्कीको माननीय भएर यो पोखरा भनेको सवैको, तपाई हामी सवैको प्रदेश नंवर चारकै, नाम पोखरा राख्न पाएको भए अझ कति राम्रो हुन्थ्यो । अहिले त राजधानी मात्रै । त्यसो भएर यो सवैको कुरा हो । प्रदेश नंवर १ मा गएर कसैलाइ सोधियो भने यो प्रदेश नंवर एकको राजधानी कहा हो भन्यो भने उ अलमलिन्छ । विराटनगर भनौ कि, इटहरी भनौं की, धनकुटा भनौं । तिनको पाच नंवर प्रदेशलाई राजधानी कहा हो तपाइको पाँच नंवर  प्रदेश भन्ने हो भने दाङ भनौ कि वुटवल भनौ डराउछ । तर चार नंवर प्रदेशको राजधानी कहा भन्यो भने पोखरा उस्ले सोध्दै नसोधी भनिहाल्छ । त्यसो भएर म पोखरालाई यो अवस्थामा ल्याइपुर्‍याउनको निम्ती महत्वपूर्ण भुमिका खेल्नुहुने अग्रज व्यक्तित्वहरु झलकमान गन्दर्भ, धर्मराज थापा, अलिमिया, झलक थापा, जर्ज जोन, लेखनाथ पौडेल, भोला गरुङ्ग लगायतका राजनैतिक व्यक्तित्वहरु नि थुप्रै हुनुहुन्छ । उहाँहरुलाई सम्झन चाहन्छु । स्मरण गर्न चाहन्छु । आज पोखरालाई शिक्षाको, स्वास्थको, खेलकुदको, पर्यटनको त यो राजधानी हुदै हो ।  यो हिसावले अगाडी वढाउनको निम्ती सुरुवातमा उहाहरुले जुन भुभिका खेल्नुभयो उहाहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु । पोखराको वारेमा यसलाइ

राजधानी वनाउनु पर्छ भनेर अव थप विशेषण जोड्नु भनेको चिनि धेरै खायो भने तितो हुन्छ भने जस्तो मात्रै हो धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री मधुमाया अधिकारी गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मधुमाया अधिकारी गुरुङ्ग

माननीय सभामुख महोदय, आज हामी संघियतालाई कार्यान्वयन गर्नको निम्ती र यसलाइ संस्थागत गर्ने चरणमा सर्वप्रथम प्रदेश राजधानीको विषयमा छलफलमा जुटिराखेका छौ र यो असाध्यै ऐतिहासिक र महत्वको क्षण छ । यसले तत्कालको निम्ती मात्र होइन दिर्घकालिन हिसावले पनि एउटा कोसे ढुंगा सावित गर्नेछ भन्ने विस्वास लिएको छु । पूर्वमा गोरखा, तनहु ,लम्जुङ्ग र यसको पश्चिममा म्याग्दी, वाग्लुङ्ग, स्याङ्गजा र पर्वत र यसको दक्षिणमा नवलपुर र उत्तरमा मनाङ्ग र मुस्ताङ्ग, जाती हिसावले भौगोलिक हिसावले सुन्दरताको हिसावले यो असाध्यै महत्वपूर्ण केन्द्र भागमा रहेको छ । माननिय पूर्ववक्ता मित्रहरुले धेरै विषय वस्तु राखी सक्नुभएको छ । भौतिक पूर्वाधारको हिसावले यह पश्चिम विकाश क्षेत्रकै हिसाले यो सवै कार्यालयहरु अटाउने र धेरै खर्च गर्न नपर्ने अरु जिल्लाहरुमा सार्दाखेरी यसले पनि यो महत्व रहेको छ । हामीले पर्यटनको कुरा गर्दा, उर्जाको कुरा गर्दा, भौतिक पूर्वाधारको कुरा गर्देगर्दाखेरी यहा धेरै भन्दा धेरै आन्तरिक र वाह्य पर्यटकहरु भित्र्याउन सक्ने र यहा रहेका ऐतिहासिक स्थलहरु जो तालहरु छन वेगनास ताल, फेवा ताल लगायतका जो तालहरु छन यसको अर्कै ऐतिहासिकता छ र थुप्रै आम्दानीको स्रोतहरु जुट्न सक्ने संभावनाहरु छन । हामीले आर्थिक समृद्धिका कुराहरु गर्दै गर्दा खेरी यो वाट हामीले थुप्रै आम्दानी भित्र्याउन सक्छौं र रोजगारि सृजना गर्न सक्नेछौं । तसर्थ पनि यो पोखरा असाध्यै महत्वपूर्ण छ । तर हामीले एकीकृत र केन्द्रिकृत व्यवस्थालाइ भत्काउदै गर्दा खेरी यो पोखरा मैले भनिसके ११ वटा जिल्लाको कोसे ढुंगा वन्नेछ र यो पोखरा भन्दै गर्दाखेरी पोखराले कसैलाइ पनि डोमिनेट गर्नेछैन । विकासको हिसावले विचारको हिसावले, चेतना शिक्षा स्वास्थ्यको रोजगारको हिसावले सवैको मुटुको ढुकडुकी पोखरा वन्नेछ भन्दै मेरा विषय वस्तु यही अन्त गर्दछु । हस्त धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय श्री कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कुमार खड्का

माननीय सभामुख ज्यु, संविधान सभामा सदस्य भएर संविधान निर्माणका क्रममा छलफल गरिरहदा पनि ६ वा ७ वा सात भन्दा वढि प्रदेश वनाइने चर्चा चलिरहँदा पनि पोखरा राजधानीको रुपमा निर्विवाद थियो । आज जनताको भावना जनप्रतिनिधिहरुको भनाई र पार्टीको निर्णयहरुमा पनि पोखराको सर्व स्विकार्यता देखिन्छ । प्रदेश नंवर चारको राजधानी पोखरा हुनुपर्छ भन्ने हाम्रो पार्टी नेपाली काग्रेसको निर्णय छ । तसर्थ मेरो समर्थन छ । मेरो जन्मभुमी भएका कारणले पनि पोखरा प्रति मेरो समर्थन स्वभाविक छ । इतिहास भुगोल पूर्वाधार प्राकृतिक छटाव राज्यका साधन भावना र संभावना लगायत निरन्तरताको कारणले पनि प्रदेश नंवर चारको राजधानी पोखरा हुनु सर्वथा उपयुक्त छ । पोखरेली भएर पोखरा जन्मभुमी भएका कारणले गर्दा भावावेशमा आएर दिएको अभिव्यक्ति होइन यो । पोखरा प्रदेशको त के देशको राजधानी वन्न योग्य छ । अन्तराष्ट्रिय केन्द्र वनिसकेको छ । प्रदेशको राजधानी वनेपछि पोखरा विकाशको पथमा अग्रसर गराइनुपर्दछ । विनासको पथमा जाने संभावना प्रति पनि सजग हुनु आवस्यक छ । यदि त्यो हुन सकिएन भने पोखरा प्रति न्याय हुदैन । म इन्जिनियरीङ्गको विध्यार्थी सभामुख महोदय पोखरा त सिमावर्ति जिल्लाहरुवाट वसाइ सराइ गरेर पोखरा धेरै क्राउडेड भैसकेको छ । इन्टरनेशनल एरपोर्ट निर्माणधिन छ । प्रदेशको राजधानी वनाइसके पछि प्रदेशको जनसंख्या सानो समयमा दुइगुना हुने व्यापक संभावना हामीले देखिरहेका छौ । प्रश्न के छ त भन्दा के पोखराले हाम्रो आवस्यकताको स्वार्थको महत्वाकांक्षाको भार वोक्न सक्छ त भन्ने प्रश्नमा वहस गर्न आजको दिन सर्वथा उपर्युक्त हो भन्ने मलाइ लाग्छ । जमिन मुनि पोखरामा ट्रेन चलाउन संभव छैन । अन्डरग्राउण्ड ट्रेन अरट्रयुवको संभावन पोखरामा सुन्य छ । जलयात्राका संभावनाका लागी तेत्रा ठुला नदिहरु पोखरासंग छैन । ओभरहेड रोड वनाएर जान सक्नका लागी पनि पोखराको भुगोल त्यति सकारात्मक छैन । सडक वाहेक अर्को विकल्प छैन । अहिलेकै जनसंख्यालाइ पनि यो सडकले थेग्न सकेको छैन । ट्राफिक जामको मारमा हामी परिरहेका छौ । भोली सडक जामले पोखरालाइ यसरी गाज्छ कि कही पोखरा साउथ एसियाको दोस्रो ढाका वनाउन हामीले खोज्न लागीरहेका छैनौ भन्ने प्रस्नको निदान आज पोखरेलीले पोखराले खोजिरहेको छ । भोली वाटुलेचौरवाट, मझेरीपाटनवाट, लेकसाइडवाट, हेम्जावाट, विजयपुरवाट मूख्य मन्त्रिको कार्यालयमा आउदाखेरी घन्टौ लाग्ने स्थिति वन्यो भने त्यसले पोखराको टुरीजमलाइ, पोखराका वासिन्दाको जनजिवनलाई प्रभावित गर्छ । एउटा स्टेसनवाट अर्को स्टेसनमा जादा सिंगो दिन खर्च हुने दिन खर्च हुने

भयो भने पोखराको टुरीजम ध्वस्त भएर जाने संभावनालाई मैले देखि रहेको छु । तसर्थ पोखरालाई राजधानी वनाउ । यसमा कुनै पनि  विवाद छैन । तर अव वन्ने संरचना हामीले भन्न खोजेको स्याटेलाइट सिटी त्यो शुक्ला गण्डकी हुन सक्छ, त्यो वाग्लुङ्ग हुन सकछ, त्यो पर्वत हुन सकछ, त्यो स्याङ्गजा हुन सक्छ । स्याटेलाइट सिटी वनाएर अव प्रदेशले निर्माण गर्ने संरचनाहरुलाइ पोखराभन्दा वाहिर लिएर जाने र भोली यो सुन्दर प्राकृतिक रुपमा सुन्दर पर्यटकिय रुपमा आकर्षित जुन पोखरा हामीलाइ हाम्रा पुर्खाहरुले दिएकाछन । यहि सकिन्छ यो भन्दा राम्रो तरिकाले सकिदैन जस्ताको तस्तै हाम्रा सन्ततीलाई दिन सक्ने गर्ने अभियानमा यो प्रदेश सभाले राजधानी वनाउदाखेरी पोखरा प्रतिको न्याय गर्नलाइ त्यो विषयमा पनि वहस आवस्यक छ । धन्यवाद, जय नेपाल ।

## मा. सभामुख श्री श्रृजना शमा

अव यो छलफल आजको लागी यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु अव म माननीय सामाजिक विकाश मन्त्रि श्री नरदेवि पुन मगरलाई मिति २०७५ साल जेठ ३० गते सभामा टेवल भै सामान्य छलफल समेत भएको खोप सेवा संचालन तथा व्यवस्थापन संवन्धमा व्यवस्था गर्न वनेको विधेयक दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## मा नरदेवि पुन मगर

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७५जेठ ३० गते प्रस्तुत भएको र मिति २०७५ साल असार ६ गते सभामा विचार गरियोस भन्ने प्रस्ताव पेश भै सामान्य छलफल समेत भएको खोप सेवा संचालन र व्यवस्थापन संवन्धमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश नंवर चार प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उप नियम १ वमोजिम दफावार छलफलका लागी विधायन समितिमा पठाइयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।

## मा. सभामुख श्री श्रृजना शर्मा

माननीय सदस्यहरु, अव खोप सेवा संचालन र व्यवस्थापन संवन्धमा व्यवस्था गर्न वनेको विधेयकको दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोला ।

यसको प्रस्तावको पक्षमा हुने माननीय सदयस्यले हुन्छ भन्नुहोस ।

(हुन्छ भन्ने आवाज आयो)

यसको विपक्षमा हुने माननिय सदयस्यले हुन्न भन्नुहोस ।

(हुन्न भन्ने आवाज आएन)

हुन्न भन्ने आवाज सुनियन । तसर्थ खोप सेवा संचालन तथा व्यवस्थापन संवन्धमा व्यवस्था गर्न वनेको विधेयक दफावार छलफलको लागी विधायन समितिमा पठाइयोस भन्ने प्रस्ताव सर्व सम्मतिले स्विकृत भएको घोषण गर्दछु ।

(....तालीको आवाज आयो)

**मा. सभामुख श्री श्रृजना शर्मा**

**माननीय सदस्यहरु, अव यो वैठक २०७५ साल असार १८ गते दिनको २.०० वजे सम्मको लागी स्थगित हुन्छ**